# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - १०

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल वैशाख ३१ गते मंगलबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम आ.व. २०७६/०७७ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथि जारी छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री अग्नीप्रसाद सापकोटा
२. मा० श्री बालकृष्ण खांण
३. मा० श्री प्रदिप गिरी
४. मा० श्री सुजिता शाक्य
५. मा० श्री कलिला खातुन
६. मा० श्री कु. तुल्सी थापा

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०७६/०७७ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु भयो ।

तत्पश्चात मा० अर्थमन्त्री डा० युवराज खतिवडाले आ.व. २०७६/०७७ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आ.व. २०७६/०७७ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथि सदनमा भएको छलफलमा उठेका मा० सदस्यहरुले उठाउनु भएका विषयहरुलाई बुँदागत रुपमा समेटी सचिवालयले तयार गरेको प्रतिवेदन विनियोजन विधेयक तयार गर्ने प्रयोजनका लागि नेपाल सरकार, अर्थ मन्त्रालयमा पठाइने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०७६ साल जेठ ६ गते सोमबार बिहान ११:०० बजे बस्नेगरी दिनको १२:५० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव